प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

१६ औं वार्षिकोत्सव

हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ७६ ॥ २०८१ वैशाख ११ गते मंगलबार (23rd Apr 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

कतारी राजाको सम्मानमा सार्वजनिक बिदा

केही शिक्षण संस्थाले नमान्ने

झापा(प्रस)। कतारी राजाको भ्रमणमा सरकारले सार्वजनिक विदा दिने गरेको निर्णयको आलोचना गर्दै त्यसलाई केही शिक्षण संस्थाहरुले नमान्ने भएका छन् । कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी नेपाल आउँदा सरकारले अनावश्यक रुपमा मंगलवार देशैभर सार्वजनिक विदा दिएको भन्दै त्यसको सामाजिक संजालमा आलोचना भएको हो ।

बिर्तामोड ४ स्थित कंचनजंघा इङ्गिलस स्कूलले सार्वजनिक विदाको सरकारी निर्णयलाई नमान्ने भएको छ । सोमवारै मात्र पठनपाठन सुरु भएको विद्यालयको सबै शैक्षिक कार्यहरु बैशाख ११ गते मंगलवार पनि संचालन हुने विद्यालयका प्राचार्य गुरुभक्त न्यौपानेले बताए । त्यस्तै बिर्तामोडका विद्यालयहरुमा संचालन भइरहेको कक्षा ८ को ग्रेडबृद्धि परीक्षा नरोकिने भएको छ। बिर्तामोड नगरपालिकाका शिक्षा शाखाका प्रमुख तिलचन भण्डारीले एक सूचना जारी गरी कक्षा ८ को ग्रेडबृद्धि परीक्षा संचालन भइरहेकाले सरकारले सार्वजनिक विदा दिएको भएपनि पूर्वनिर्धारित कक्षा ८ को परीक्षा बैशाख ११ गते तोकिएकै समयमा संचालन हुने जनाएका छन् ।

राष्ट्र प्रमुखसमेत रहेका कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी दुईदिने भ्रमणका लागि मंगलबार नेपाल आउने भएपछि नेपाल सरकारले उनको सम्मानमा एक दिन सार्वजनिक बिदा दिने भएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।मन्त्रिपरिषद्को सोमबारको बैठकले कतारका राजाको नेपाल भ्रमणको पहिलो दिन सार्वजनिक बिदा दिने निर्णय गरेको युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले जानकारी दिए ।

मन्त्रिपरिषद्को निर्णयअनुसार मंगलबार सार्वजनिक बिदा हुनेछ । विदेशी राष्ट्र प्रमुखको नेपाल भ्रमण हुँदा सार्वजनिक बिदा दिने यसअघिको अभ्यासअनुसार नै कतारका राजाको भ्रमणमा बिदा दिने निर्णय भएको मन्त्री श्रेष्ठले जानकारी दिए । राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा उनको भ्रमण हुन लागेको हो । पहिलोपल्ट कतारका राजा नेपाल आउन लागेका हुन् । दुई निजी जहाज लिएर आउन लागेका उनका साथमा आधा दर्जनभन्दा बढी मन्त्री हुने बताइएको छ ।

उनको भ्रमणपूर्व नै तयारीका लागि ५० भन्दा बढी कतारी प्रतिनिधि काठमाडौं आउने छन् । नेपालस्थित कतारी राजदूत मिस्हल बिन मोहम्मद अल अन्सारीले भ्रमणको गृहकार्य अन्तिम चरणमा रहेको बताए ।

परराष्ट्र मन्त्रालयका अनुसार कतारका अमिरले मंगलबार राष्ट्रपति पौडेलसँग शीतल निवासमा भेटवार्ता गर्नेछन् । प्रधानमन्त्री पुष्पकमल दाहालसँग भने बुधबार द्विपक्षीय वार्ता गरी केही सम्झौता र समझदारीमा हस्ताक्षर हुने कार्यक्रम तय भएको छ । उनी बुधबार बेलुका नै कतार फर्कने छन् । कतार न्युज एजेन्सीले एसियाली मुलुकको भ्रमणमा निस्केका राजाले सम्बन्धित मुलुकका नेता तथा वरिष्ठ अधिकारीहरूसँग सहकार्य अभिवृद्धि गर्ने तथा विभिन्न क्षेत्रमा सम्झौता र समझदारीपत्रमा हस्ताक्षर हुने उल्लेख गरेको छ ।

तीन एसियाली मुलुकको भ्रमणका लागि गत आइतबार दोहाबाट फिलिपिन्स उडेका कतारी अमिर बंगलादेश हुँदै नेपाल आउन लागेका हुन् ।

कतारका राजा थानीलाई राष्ट्रपति रामचन्द्र पौडेलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्ने भएका छन्। दुई दिने राजकीय भ्रमणका लागि भोलि नेपाल आउन लागेका राजा थानीलाई राष्ट्रपति पौडेलले विमानस्थलमा स्वागत गर्ने परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ।

बाह्रदशीका मुस्लिम छात्रालाई साइकल वितरण

झापा(प्रस)। कक्षा ११ र १२ मा अध्ययनरत झापा बाह्रदशीका मुस्लिम छात्रालाई साइकल वितरण गरिएको छ। बाह्रदशी गाउँपालिकाभित्र सरकारी विद्यालय अध्ययन गर्दै आएका करिब ५० जना छात्रालाई साइकल वितरण गरिएको हो। नेपाल मुस्लिम समाज विकास समिति बाह्रदशीको आयोजना तथा बाह्रदशी गाउँपालिकाको आर्थिक सहयोगमा विद्यालय जान असहज भएकै कारण धेरै मुस्लिम विद्यार्थीहरुले बिचैमा पढाइ छोड्ने गरेका कारण फुलबारी मावि, जनविकास मावि र पशुपति माविमा अध्ययनरत छात्राहरूलाई विद्यालय आवतजावत गर्न सहज होस् भनेर साइकल वितरण गरिएको मुस्लिम समाज विकास समितिका अध्यक्ष चान महम्मद हुसेनले बताए । मदरसा दारूल उलुम बाह्रदशीको प्राङ्गणमा आयोजित कार्यक्रममा नयाँ बर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदानसंगै आपसमा टोपी साटासाट गरेर ईद मिलन कार्यक्रमसमेत गरिएको थियो। बाह्रदशी मुस्लिम समाज विकास समितिका अध्यक्ष चान महम्मद हुसेनको अध्यक्षता तथा झापा क्षेत्र नं ३ प्रदेश सभा 'ख' का सांसद छबिलाल चुडालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा बाह्रदशी मुस्लिम समाज विकास समितिका सल्लाहकार मास्टर नसरूल्लाह मुनादीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रदेश सांसद चुडालले सरकारी विद्यालयमा पढ्ने विद्यार्थी हरेक कुरामा सक्षम रहने धारणा राख्दै शिक्षाको गुणस्तर विकास गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा बोल्दै वडा नम्बर ४ का वडाध्यक्ष महताव आलमले उचित शिक्षाको अभावमा युवाहरू लागूपदार्थ र कुलतको दलदलमा फस्दै गएको बताए। मेचीनगर नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले आफू फरक भूगोलको रहेपनि समस्या साझा भएकाले त्यसको समाधानका लागि आपसमा मिलेर अघि बढ्नु पर्ने बताउँदै बाह्रदशी ४ का वडाध्यक्ष आलमलाई उपहारस्वरूप स्थानीय उत्पादन बाँसबाट निर्मित बाँसुरी प्रदान गरे । कार्यक्रममा मुस्लिम समुदायका अगुवा मर्गुव आलमले आफ्नो स्रोतको भरपूर सदुपयोग गरी युवाहरू प्रतिस्पर्धामा सक्षम बन्नुपर्ने बिचार व्यक्त गरे । कार्यक्रममा बोल्दै सामाजिक व्यक्तित्व भगिरथ पोद्दारले सबै राजनीति दल एकजुट भएर समग्र विकास गर्नुपर्ने बताउँदै नजिकका पालिकाको तुलनामा बाह्रदशीले विकास गर्न नसकेको आरोप लगाए।

कार्यक्रममा रेडक्रस सोसाइटी चकचकी उपशाखा अध्यक्ष दयानन्द गोस्वामीले विकास समयसापेक्ष रहने बताउँदै विकास

❖ बाँकी अन्तिम पृष्ठमा

कनकाईमा निःशुल्क लोकसेवा तयारी कक्षा

कनकाई (प्रस)। झापाको कनकाई नगरपालिकामा लोकसेवा र शिक्षक सेवा आयोगको परीक्षाका लागि निःशुल्क तयारी कक्षा शुरु भएको छ । नगरपालिकाको आर्थिक सहयोग र नोभा एजुकेशन फाउण्डेशन बिर्तामोडको सहजीकरणमा आइतबारदेखि लोकसेवा आयोगको पाँचौं तह तथा शिक्षक सेवा आयोगको निमावि तहसम्मका लागि निःशुल्क तयारी कक्षा शुरु भएको हो । दुई महिनासम्म सञ्चालन हुने उक्त तयारी कक्षामा १सय ५० जनालाई सहभागी गराउने लक्ष्य लिएको नगरपालिकाले जनाएको छ।

कक्षा-१२ उत्तीर्ण गरेका नगरका ९ वटै वडा तथा ईच्छुक अन्य बाहिर जिल्लाका युवाहरुलाई समेत लोकसेवा र शिक्षक सेवा परीक्षा दिन सक्षम बनाउन तयारी कक्षाको तालिम दिन थालिएको नगरपालिकाकी उपप्रमुख आशा शर्मा शिवाकोटीले बताइन् । अझै पनि तालिममा सहभागी बन्ने सक्ने उनको भनाइ छ। "आर्थिक अभावका कारण कतिपय युवाहरुले चाहेर पनि कक्षा लिन सकेका छैनन्", उनले भनिन्, "यसले उनीहरुलाई केही मात्रा भए पनि सहयोग मिल्ने अपेक्षा छ।" नियमित रुपमा कक्षा लिएर फाइदा उठाउन उनले आग्रह समेत गरेकी छन् । लोकसेवामा प्रतिस्पर्धा गर्न इच्छुक नगरका युवालाई लक्षित गरेर तालिम शुरु गरिएको नगरपालिकाकी निमित्त प्रमुख प्रशासकीय अधिकृत जमुना कटुवालले जानकारी दिइन् । "तयारी कक्षा सञ्चालनका लागि सूचना जारी गरेका थियौं", उनले भनिन्, "इच्छुकले कक्षामा सहभागी हुन सक्नेछन् ।"

कार्यपालिकाको निर्णय बमोजिम कक्षा शुरु गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत कटुवालले बताइन् । कनकाई-४ स्थित कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा बेलुका ४ बजेदेखि कक्षा सञ्चालन भइरहेको क्याम्पस प्रमुख बिकासप्रसाद उप्रेतीले जानकारी दिएका छन् ।

झापामा लागूऔषधका कारोबारी धमाधम पक्राउ

झापा(प्रस) । झापामा ठूलो परिमाणमा लागूऔषधसहित कारोबारीहरु पक्राउ पर्न थालेका छन् । सोमवार साँझ ६ बजेको समयमा मेचीनगर ६ स्थित मेची पुलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा सशस्त्र प्रहरी बल, नेपालद्वारा परिचालन गरिएको तालिमप्राप्त कुकुरले भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री धादिङ खन्याबास गाउँपालिका ५ बस्ने २० वर्षीय विनोद तामाङलाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ४३.१५ ग्राम ब्राउनसुगर फेला परेको थियो ।

उनलाई आवश्यक कारबाहीको लागि ईलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ । हालसम्म तालिमप्राप्त कुकुरबाट ११ पटकमा १०५.०५ ग्राम ब्राउनसुगरसहित ११ जनालाई पक्राउ गरी कानूनी दायरामा ल्याएको जनाइएको छ । आइतवार मात्र अर्जुनधारा ५ पानीकलस्थित बिरीङ खोला जाने कच्ची भित्री सडकखण्डमा लागूऔषधको कारोबार गर्दैगर्दा ठूलो मात्रामा ब्राउनसुगरसहित एकजना पक्राउ परेका थिए । पक्राउ पर्नेमा कनकाई नगरपालिका वडा नं. ८ बागेडाँगी बस्ने ३१ वर्षीय रविन चौधरी रहेका छन् । आइतवार दिउँसो अन्दाजी ३ बजेको समयमा बिरीङ खोला जाने कच्ची भित्री सडकखण्डमा लागूऔषधको कारोबार हुँदैछ भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी नायव उपरीक्षक प्रकाश बिष्ट र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय काँकरभिट्टाबाट संयुक्त प्रहरी टोली खटिँदा अर्जुनधारा नगरपालिका वडा नं. ४ बस्ने अन्दाजी २७ वर्षीय बिमल राई प्रहरीलाई देख्नासाथ फरार भएका थिए ।संगै रहेका कनकाई नगरपालिका वडा नं. ८ बागेडाँगी बस्ने चौधरीको शरीर तलासी लिँदा उनले कालो प्लाष्टिकले पोका भित्रबाट सेतो प्लाष्टिकले प्याक गरेको अवस्थामा प्लाष्टिकबाहेक ४० ग्राम ८२० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । लागूऔषधसहित चौधरीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याइ थप अनुसन्धान भइरहेको र फरार राईको खोजतलास जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै इलाम चुलाचुली गाउँपालिका- ५ घर भई हाल दमक नगरपालिका- ३ भुटानी शरणार्थी शिविरमा बस्दै आएका ३३ बर्षीय फुर्वा तामाङको घरमा लागूऔषध बेचबिखन भईरहेको छ भन्ने सूचना पाएसगै प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरी टोलीले उक्त घरबाट ब्राउनसुगर २ ग्राम ६०० मिलिग्राम, नगद १५ हजार ४५० रुपैया र बिभिन्न कम्पनीको मोबाईल २ थान बरामद गरेसंगै तामाङलाई पक्राउ गरेको छ ।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिका- १६ हुलास चौकमा लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले ३ ग्राम ४४ मिलिग्राम ब्राउनसुगरसहित कानेपोखरी गाउँपालिका- ५ का ३१ बर्षीय आकाश धिमाल र बिराटनगर- १५ ढाटबाट

❖ बाँकी अन्तिम पृष्ठमा

अव तपाईहरुकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरु : (बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि)

क्र.स.	संचालनमा रहेका तालिमहरू	अवधि
१.	केयर गिभर (Care Giver)	३९० घण्टा
२.	सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist)	४२० घण्टा
३.	परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker)	३९० घण्टा
४.	शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant)	४९० घण्टा

अन्य थप जानकारीको लागि :-
विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

हात्तीपाइले अभियान सफल पार्न अन्तरक्रिया

• **लक्ष्मी उप्रेती**

मेचीनगर । यही बैशाख १६ गतेबाट शुरु हुने हात्तीपाईले रोगविरुद्धको औषधि सेवन अभियानलाई लक्षित गरी मेचीनगर नगरपालिकाको नगरस्तरीय स्वास्थ्य शाखाले सोमबार झापाको काँकरभिट्टामा नागरिक समाज, सुरक्षाकर्मीलगायत सर्वसाधारणसँग अन्तरक्रिया गरेको छ । आम राष्ट्रिय हात्तीपाइले रोगविरुद्ध आम औषधि सेवन अभियान २०८०/०८१ अन्तर्गत समुदाय स्तरीय अन्तरक्रिया कार्यक्रम गरिएको हो । कार्यक्रमका सहभागीहरुले आम औषधि सेवन नै रोगबाट बच्ने सर्वोत्तम उपाय भएको भन्दैं औषधिको बारेमा हुने अनर्गल प्रचारको पछि नलागेर सेवन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । सदाभै यस वर्ष पनि आगामी बैशाख १६ देखि ३० गतेसम्म हात्तीपाईले रोगविरुद्धको औषधि सेवन अभियान सञ्चालन हुँदैछ ।

गत वर्षभन्दा उल्लेखनीय रुपमा सवैको सक्रिय जनसहभागिता होस् भन्ने उद्धेश्यसहित कार्यक्रम आयोजना गरिएको शाखा प्रमुख सविता सापकोटा निरौलाले जानकारी दिइन् । विभिन्न चिया बगान, उद्योग र कलकारखाना शैक्षिक संस्थामा हात्तीपाईले रोगविरुद्धको औषधि खुवाउने विषयमा अन्तरक्रिया र छलफल गर्दा अभियान सफल हुने विश्वाससहित शाखाले माइकिङ, प्रचार प्रसार तथा अभियान अवधिभर प्रभावकारीरुपमा औषधि खुवाउन हरेक समुदाय सक्रिय रहनुपर्ने कार्यक्रममा बताईएको थियो ।

मेचीनगर–६ काँकरभिट्टास्थित मेची सामुदायिक सभाहलमा आयोजित कार्यक्रममा शाखा प्रमुख सापकोटाले सहभागीहरुलाई अभियान सफल पार्न आग्रह गर्दै यो औषधि सेवन गर्न कोही छुट्न नहुने बताइन् । शहरी क्षेत्रमा औषधिप्रति नकारात्मक प्रचार प्रसार भएकाले यस सम्बन्धी स्पष्ट पार्न समेत यस्ता कार्यक्रम लाभदायक हुने उनको भनाई छ। प्रत्येक वडा वडामा सञ्चालन हुने क्रियाकलापको प्रचार प्रसार, कार्यक्रमको अनुगमन, खान छुट भएकाो स्थानमा स्वास्थ्यकर्मीसँगै औषधि खुवाउन परामर्श, सहजीकरण नकारात्मक र अनर्गल प्रचार हल्लालाई सकारात्मक परामर्श प्रदान गर्न सवैको भूमिका हुने शाखा प्रमुख सापकोटाले बताइन् । स्वास्थ्यकर्मीहरुको टोलीले सहभागीहरुलाई रोग, यसबाट बच्ने उपाय, लक्षणलगायतका बारेमा जानकारी गराएको थियो ।

'मेचीनगर नगरपालिकाको आव्हान, हात्तीपाइले रोगमुक्त नगर हाम्रो अभियान' भन्ने मुख्यः नारालाई सार्थक बनाउन नगरका विभिन्न वडामा हात्तीपाइले रोग, यसबाट बच्ने उपाय तथा रोगका लक्षणलगायतका विविध विषयमा अन्तरक्रियालाई तीब्र पार्दै आएको छ । विद्यार्थीहरुलाई औषधि खुवाउन प्रचार प्रसार र औषधि खुवाउन स्वास्थ्यकर्मीलाई सहयोगमा शिक्षक तथा विद्यालयको महत्वपूर्ण भूमिका रहने बताईएको छ । स्वास्थ्यकर्मीहरुलाई आ–आफ्नो टोलमा औषधि खुवाउने कार्यमा सघाउन र प्रचार प्रसारलाई तीब्र बनाउन हरेक टोल विकास संस्थाका पदाधिकारीहरुलाई उनले आग्रह समेत गरेकी छन् ।

स्वास्थ्यकर्मीहरुलाई औषधि खुवाउने कार्यमा सघाउन र प्रचार प्रसारमा सहयोगका लागि नगरका विभिन्न संघ संस्थाको अपरिहार्य भूमिका रहने शाखाका सहसंयोजक पुजन अधिकारीको भनाई छ । उनले नकारात्मक हल्लालाई सकारात्मक परामर्श र प्रचार प्रसारमा निजी क्लिनिको भूमिका रहने भएकाले यस्ता क्लिनिकहरुलाई अभियानमा हातेमालो गरेर अघि बढ्न आग्रह गरेकी छन् । मेचीनगर वडानम्बर ६ का वडाध्यक्ष ललितबहादुर तामाङको अध्यक्षता र काँकरभिट्टा स्वास्थ्य चौकीका अहेव विष्णुप्रसाद घिमिरेले सञ्चालन गरेको अन्तरक्रियामा इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक मिनबहादुर लामा, विभिन्न टोल विकास संस्थाका पदाधिकारीहरु, विद्यार्थी शिक्षकलगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

हिमोफिलिया...

उनमा रहेको दोस्रो स्वस्थ केन्द्रिका रेसाले पर्याप्त मात्रामा फ्याक्टर उत्पादन गर्ने भएकाले हो ।

पुरुषमा (एक्स र वाई केन्द्रिका रेसा हुन्छ) भएको वाई केन्द्रिका रेसाले फ्याक्टर भीआइआइआइ र आइएक्स उत्पादनमा कुनै भूमिका खेल्दैन । यसकारण आमाबाट प्राप्त हिमोफिलिक एक्स केन्द्रका रेसाको कारण हिमोफिलिया सर्छ किनकि उसको केन्द्रिका रेसाले एक्स र वाई केन्द्रका रेसालाई फ्याक्टर भीआइआइआइ र आइएक्स उत्पादन गर्न सहयोग दिन सक्दैन । हिमोफिलियाको वंशाणु भएकी (वाहक) महिलाको प्रत्येक गर्भबाट छोरा हिमोफिलिक र छोरी वाहक हुने हुन्छ । यदि बाबु हिमोफिलिक छ भने उनका सबै छोरी वाहक हुन्छन् तर सबै छोराहरू भने स्वस्थ हुन्छन् र उनीहरूको सन्तानमा पनि यो रोग सर्दैन ।

यदि हिमोफिलिक व्यक्तिले वाहक महिलासँग विवाह गरेमा छोरी पनि हिमोफिलिक हुने सम्भावना हुन्छ । यो कुरा आफ्नो नजिकको नातेदार (मामा चेला, फुपू चेली) मा विवाह हुने चलन रहेका जाति वा समूहका लागि विचारणीय हुन्छ।

हिमोफिलियाको वाहक महिला

वाहक महिला भन्नाले उनको खानदानमा हिमोफिलिया रहेकोले उनी निश्चित रूपमा हिमोफिलियाको वाहक भन्ने बुझिन्छ । यो निम्न अवस्थामा हुन्छ :

(क) उनको बाबु हिमोफिलिक छन् ।
(ख) उनका दुई वा सोभन्दा बढी छोरा हिमोफिलिक छन् ।
(ग)उनको एउटा छोरा हिमोफिलिक छ र काका, भाइ वा अन्य पुरुष नातेदार हिमोफिलिक छन् वा थिए।

हिमोफिलियाको सम्भावित वाहक महिला

महिला वाहक हुने सम्भावना निम्न अवस्थामा हुन सक्छ :
(क) आमातिरका एक वा बढी नातेदार हिमोफिलिक छन् तर छोरा हिमोफिलिक छैनन् ।
(ख) एउटा छोरा हिमोफिलिक छ तर परिवारका अन्य सदस्य हिमोफिलिक छैनन् ।

करिब एक तिहाइ हिमोफिलिकहरूको परिवारका अन्य सदस्यहरूमा यो रोग देखा पर्दैन यसको कारण उत्परिवर्तन (म्युटेसन) हो अर्थात् कुनै विशेष कारणवश हिमोफिलियाको वंशाणु उत्पन्न भई तल्लो पुस्तामा सर्दछ । हिमोफिलिक वंशाणु छ वा छैन भन्ने कुरा रगत परीक्षणबाट थाहा पाउन सकिन्छ।

सामान्यतया वाहक महिलाहरूमा फ्याक्टरको मात्रा पनि सामान्य नै हुन्छ। तर कसैमा फ्याक्टर कम भएको कारण नीलडाम देखिने, कुनै शल्यक्रिया गर्दा बढी रक्तम्नाव हुने, दाँत फेरँदा बढी रगत बग्ने वा महिनावारी हुँदा पनि धेरै रक्तस्राव हुने लक्षण देखा पर्न सक्छ। यस्ता वाहक महिलाले गर्भवती र सुत्केरी हुँदा समस्या नगण्य हुन्छ किनकि गर्भावस्थामा फ्याक्टरको मात्रा पुनः साविक स्थितिमा ओर्लन्छ तर यसको विपरीत फ्याक्टर आई एक्सको मात्रा गर्भावस्थामा पनि घटबढ हुँदैन ।

पूर्वसावधानी परीक्षण

हिमोफिलियासम्बन्धी परीक्षणहरू सुविधायुक्त प्रयोगशालाहरू मात्र गरिन्छ। महिलामा फ्याक्टरको मात्रा थोरै देखिएमा उनी वाहक भएको शङ्का गर्न सकिन्छ तर फ्याक्टरको मात्रा सामान्य भएको महिला पनि वाहक नहुने भने होइन । पारिवारिक विवरण, फ्याक्टरको मात्रा आदि कुराहरूबाट ८५ प्रतिशत वाहक महिलाको पहिचान सम्भव छ।

हाल वंशाणुको विश्लेषणबाट महिला वाहक हो कि होइन भन्ने कुरा किटान गर्न सकिन्छ । यसको लागि परिवारका धेरै सदस्यहरूको रगतको नमुना सङ्कलन गरी उपयुक्त अस्पताल वा प्रयोगशालामा पठाइन्छ किनकि स्थानीय स्तरमा यी परीक्षण सुविधा हुँदैन । यो परीक्षणको नतिजा प्राप्त नभएसम्म गर्भधारण नगर्नु राम्रो हुन्छ । यी वंशाणु परीक्षणका नतिजाहरू सम्बन्धी महिलालाई दक्ष विशेषज्ञहरूबाट मात्र स्पष्ट रूपमा बताइनुपर्दछ । परीक्षण शतप्रतिशत पूर्ण नहुने भएकोले सम्भावित जोखिमबारे पनि स्पष्ट जानकारी दिनुपर्दछ ।

(नेपाल हिमोफिलिया सोसाइटीको हिमोफिलिया : परिवारका लागि केही तथ्यहरुबाट)

अमेरिकी दबाबले इरानमा ठूलो हमला गर्ने योजनाबाट पछि हट्यो इसराइल

इसराइलले इरानमाथि ठूलो हमला गर्ने योजना बनाए पनि अमेरिका लगायतको दबाबपछि सांकेतिक आक्रमणमात्रै गरेको खुलासा भएको छ।

अप्रिल १३ मा तीन सयभन्दा बढी ड्रोन र मिसाइलले आक्रमण गरेको इरानलाई इसराइलले शुक्रबार जबाफ दिएको थियो।

शुक्रबार बिहान मध्य इरानको इस्फाहन सहरनजिक रहेको सेनाको हवाई अड्डामा इसराइलले आक्रमण गरेको इरानी अधिकारीहरूले पुष्टि गरेका थिए।

द न्यू योर्क टाइम्सका अनुसार इसराइलले खासमा गत हप्ता राजधानी तेहेरान नजिकै समेत गरी धेरै इरानी सैन्य संरचनामा बमबारी गर्ने योजना बनाएको थियो। तर त्यसो गरे इरान फेरि जबाफ दिन बाध्य हुने र यो प्रकरण अझ गिजोलिने र ठूलो युद्ध हुन सक्ने भनेर अमेरिका लगायत पश्चिमा देशले दबाब दिएका कारणले सांकेतिक आक्रमणमात्रै गरेको भनेर तीन उच्च इसराइली अधिकारीको हवाला दिँदै उसले लेखेको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र बेलायत अनि जर्मनीका विदेश मन्त्रीहरूले इसराइली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई दबाब दिएपछि अन्ततः यो प्रकरण नबढ्ने गरी इसराइलले सांकेतिक हमला मात्रै गरेको हो।

इस्फाहन सहर रहेको इस्फाहन प्रान्तमा इरानका युरेनियम प्रशोधन केन्द्रसहित केही मुख्य आणविक प्रयोगशाला छन्।

ीबहरुष दबलप

इरानको आणविक कार्यक्रम निगरानी गर्ने इन्टरनेसनल एटोमिक इनर्जी एजेन्सीका अनुसार इरानको कुनै पनि आणविक स्थलमा क्षति भने भएन।

द न्यू योर्क टाइम्ससँग कुरा गरेका इसराइली अधिकारीले भने सांकेतिक हमलाले पनि इरानलाई इसराइलको सैनिक क्षमता र हतियार प्रविधिबारे यथेष्ट चेतावनी दिएको दाबी गरेका छन्।

लडाकू विमान इरानभित्र पठाएर बम खसाल्नुको साटो इसराइलले शुक्रबार केही मिसाइलले हमला गरेको थियो। साथै इरानको मिसाइल डिफेन्स सिस्टमलाई झुक्याउनका लागि केही साना ड्रोन पनि पठाएको थियो।

ती इसराइली अधिकारीका अनुसार एउटा मिसाइलले विमान खसाल्ने इरानी हतियार प्रणाली ध्वस्त पारेको थियो। त्यो मिसाइलले काम गरेपछि त्यही ठाउँमा प्रहार गरिएको अर्को मिसाइललाई भने बढी क्षति होला भनेर इसराइलले आफैं नष्ट गरेको थियो।

इरानले जबाफ दिनु नपर्ने गरी इसराइलले आक्रमण गरे पनि इरानभित्र लडाकू विमान नपठाइकनै र इरानको मिसाइल डिफेन्स सिस्टमले थाहा नपाइकनै हमला गर्न सक्ने प्रष्ट सन्देश दिएको दाबी ती इसराइली अधिकारीहरूले गरेका छन्।

सिरियास्थित इरानी दूतावास परिसरमा रहेको वाणिज्य दूतावास भवनमा इसराइलले अप्रिल १ मा गरेको हवाई आक्रमणको बदला इरानले अप्रिल १३ मा लिएको थियो।

राजधानी दमास्कसस्थित सो भवनमा भएको आक्रमणमा कुद्स फोर्सका ६५ वर्षीय जनरल मोहम्मद रेजा जाहेदी, जाहेदीका 'सेकेन्ड-म्यान' जनरल मोहम्मद हादी हज रहिमी र उक्त क्षेत्रमा कुद्स फोर्सका सैन्य कमान्डर जनरल होसेन अमान अल्लाहीसहित सात इरानी सैन्य अधिकृत मारिएका थिए।

उक्त हमलाको बदला लिन इरानले अप्रिल १३ मा इसराइलमाथि सयौं ड्रोन र मिसाइलले आक्रमण गर्‍यो। जबाफमा आफूमाथि आक्रमण गरे झन् ठूलो हमला गर्ने भनेर इरानले इसराइललाई चेतावनी दियो। यति मात्र होइन, इसराइललाई हतियार र अरू सहायता दिएर भरथेग गर्ने अमेरिकालाई पनि बीचमा नआउनू भनेर धम्क्यायो।

अप्रिल १३ को इरानी हमलापछि इसराइलले जबाफी हमला गरे मध्यपूर्वमा ठूलो युद्ध हुने र तेलको भाउ बढ्दै गएर विश्व अर्थतन्त्रमै गम्भीर प्रभाव पर्न सक्ने भनेर कतिपय डराएका थिए। तर अमेरिका लगायत पश्चिमा देशले दबाव दिएका कारणले इसराइलले साङ्केतिक जवाफमात्रै गर्‍यो। सो साङ्केतिक हमलाबाट जबाफ दिनु पर्ने गरी इरानमा धेरै क्षति नभएकाले अहिलेका लागि इरान-इसराइल युद्ध टार्‍यो।

'अँध्यारो उज्यालो' र 'निरमाया' सार्वजनिक

KISHOR BISHWAKARMA PRESENTS
अँध्यारो उज्यालो
MUSIC KARAN RAJ KARKI
LYRICS KISHOR BISHWAKARMA

झापा(प्रस)। किशोर विश्वकर्माको शब्द रचना रहेको गीत 'अँध्यारो उज्यालो' सार्वजनिक गरिएको छ । 'सङ्गीत झकारी' युट्यूब च्यानलमार्फत सार्वजनिक गरिएको गीतमा आरसी रिमालको स्वर र करणराज कार्कीको सङ्गीत रहेको छ। विषम आचार्यले सङ्गीत संयोजन गरेका छन् ।

यसैबिच गायक कृष्ण विकले 'निरमाया' बोलको म्युजिक भिडियो सार्वजनिक गरेका छन् । गीतमा गायिका स्मिता दाहालसँग गायक विकले गाएका छन् । प्रेमिल भावको गीतमा शब्द तथा सङ्गीत भीम बिसीको रहेको छ ।

भिडियोमा अभिनेतृ प्रियङ्का कार्की, अभिनेता आशीर्वाद क्षेत्री र सलिना खत्रीले अभिनय गरेका छन् । गीतको भिडियोलाई जिबी आग्रीले निर्देशन र कविराज गहतराजले कोरियोग्राफी गरेका छन् ।

बाह्रदशीका...

क्षणभरमै हुने भन्ने कुरा नहुने बताए। कार्यक्रममा बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाई, उपाध्यक्ष शान्ता खरेल, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौला, सशस्त्र प्रहरीका डिएसपी प्रवास गौतम, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, सुरक्षाकर्मी, स्थानीय बुद्धिजीवी, विद्यार्थी र सर्वसाधारणको उपस्थिति रहेको थियो।

झापामा...

निट्राभेट१६५ चक्की, स्पास्मो ८० क्याप्सुल नियन्त्रित औषधीसहित इटहरीका ४८ बर्षीय सुबास नगरकोटीलाई पक्राउ गरेको छ । त्यस्तै इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले ४ सय मिलिग्राम ब्राउनसुगर र नगद १९ हजार ९ सय रुपैयाँसहित पथरीशनिश्चरेका २१ बर्षीय अनि मगर र २० बर्षीय आनीहान लिम्बूलाई पक्राउ गरेको छ । लागूऔषधसहित पक्राउ परेका उनीहरुको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको

७ दिने सूचना

सधियार पूर्व : बाटो पश्चिमः श्री नेत्र बहादुर अधिकारी उत्तरः बाटो दक्षिण : श्री थनाथ रिजालको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. १० बस्ने श्री बालिका मगरले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
अर्जुनधारा -१०	-	२०६०	०-१-०	४४६४	२०८१/०१/११	२०८१/०१/०७

हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१.	ULI1180000010	आयुषी भट्टराई	बिर्तामोड-१,झापा

वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स–साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् । सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- **वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।**
- **खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।**
- **जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।**
- **स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।**
- **सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।**
- **आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।**

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ। वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

डिभिजन वन कार्यालय, झापा सम्पर्कः
०२३४५२०५३, ९८५२६५५१८९

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

सत्यता छानबिन होस्

उपप्रधान तथा गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि सहकारी ठगीको आरोप लागेको निकै भयो। प्रहरीको छानबिन प्रतिवदेनले लामिछाने दोषी भएको ठहर गरेपनि उनीमाथि सोधपुछसमेत गरेको छैन। तर,सहकारी ठगी प्रकरणका विषयमा सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुबीच छलफल भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल, एमाले अध्यक्ष केपी शर्मा ओली र उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेबीच बिहीबार अपरान्ह सिंहदरबारमा छलफल भएको हो।

बैठकमा सहकारी ठगी प्रकरणमा कांग्रेसले उठाएका प्रश्नहरुबारे गृहमन्त्री लामिछानेसँग दाहाल र ओलीले चासो राखेका थिए।

लामिछानेले यसबारे आफ्नो कुनै कमजोरी नभएको भन्दै कांग्रेसले राजनीतिक मुद्दा बनाएको तर्क गरेका थिए। सहकारी प्रकरणमा संलग्न भएको भन्दै कांग्रेसले उपप्रधान तथा गृहमन्त्री लामिछानेको राजीनामा माग्ने तयारी गरिरहेका बेता तीन नेताबीच छलफल भएको हो।

प्रमुख प्रतिपक्ष कांग्रेसले सहकारी ठगी प्रकरणमा लामिछानेमाथि संसदीय छानविन समिति गठन हुनुपर्ने माग गरिरहेको बेला सरकारले संसद् अधिवेशन अन्त्य गरेको थियो। कांग्रेसले आगामी बजेट अधिवेशनमा समेत यो विषयलाई निरन्तरता दिने बताइसकेको छ।

प्रतिपक्ष कांग्रेसले गोर्खा मिडिया प्रालिको प्रवन्ध निर्देशकका हैसियतले सहकारी ठगी प्रकरणमा संलग्न भएको तथ्य देखिएको उल्लेख गर्दै समीकरण जोगाउन छानविन समिति गठन गर्न तयार नभएको बताएको छ। लामिछानेले गोर्खा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक बन्ने प्रयोजनका लागि आर्थिक स्रोत जुटाउन सुप्रिम सहकारीको दुई करोड बचत अपचलन गरिएको प्रहरी प्रतिवेदनबाटै छर्लङ्ग हुन्छ। त्यति मात्र होइन, बुटवलको सुप्रिम सहकारीबाट मात्र करिब १४ करोड गोर्खा मिडिया नेटवर्कमा सार्दा लामिछाने कम्पनीको प्रबन्ध निर्देशक रहेको दस्ताबेज पनि प्रतिवेदनमा समावेश भएको छ। तर, लामिछाने भने प्रबन्ध निर्देशक (सञ्चालक) पनि कर्मचारीसरह हो भन्ने भाष्य प्रचार गरेर सर्वसाधारणलाई गुमराहमा पार्न सकिन्छ कि भन्ने ध्याउन्नमा लागेका देखिन्छन्। सेयरधनी सञ्चालक भनेको कम्पनीको निर्णयाधिकारी हो जो कम्पनीका हरेक नीति र निर्णयका लागि जवाफदेही हुन्छ। 'माथि जेसुकै लेखिएको भए पनि यो कानुन रवि लामिछाने सञ्चालक प्रबन्ध निर्देशक रहे पनि कर्मचारीसरह नै हुनेछन्' भनेर नेपालको कानुनमा कहींकतै लेखिएको भेटिएको छैन। त्यस्तो कानुन बन्ने परिकल्पना गर्न नसकिने भएकाले लामिछानेले उन्मुक्ति पाउने परिकल्पना गर्न पनि असम्भव छ।

महिलामैत्री कानुनमा फड्को

• तारा वाग्ले

नेपालको संविधानमध्ये नेपालको अन्तरिम संविधान, २००७ को भाग ३ मा राज्यका निर्देशक सिद्धान्त अन्तर्गत समानताको प्रत्याभूतिको साथै धारा ४ मा स्त्रीजातिका लागि विशेष व्यवस्था गर्न सकिने उल्लेख गरिएको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ ले २३ वटा मौलिक हकको व्यवस्था गरी पहिलो पटक व्यक्तिगत सम्मान तथा मर्यादा र समानता तथा स्वतन्त्रता कायम गर्ने व्यवस्थाको सूत्रपात गरेको थियो। उक्त संविधानले लोककल्याणकारी व्यवस्था गरी महिला तथा पिछडिएका वर्गलाई माथि उकास्ने प्रयास गरेको थियो।

यसै गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले पनि प्रत्येक नागरिकलाई कानुनको समान प्रयोग र समान संरक्षणको अधिकार प्रदान गरेको थियो। महिला हकको संरक्षण गर्न विशेष कानुन बनाउन सक्ने छुट पनि संविधानले दिएको थियो। साथै उक्त संविधानको धारा २० ले महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेर महिलालाई समान अधिकारको ग्यारेन्टी गरेको थियो। अन्तरिम संविधान, २०६३ को धारा १३ ले सामान्य कानुनको प्रयोगमा वा राज्यको तर्फबाट गरिने काम कारबाहीका क्रममा लिङ्गका आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख गरेको थियो। त्यस्तै धारा २० को उपधारा (१) ले महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव नगरिने व्यवस्था गरेको थियो। नेपालको संविधान, २०७२ को धारा ३८ मा महिलाको हक अन्तर्गत महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने उल्लेख छ।

नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ भन्ने व्यवस्था गरिएको छ। धारा १७ मा नागरिकका स्वतन्त्रतासम्बन्धी हकको व्यवस्था गरिएको छ भने संविधानको धारा १८ मा समानताको हकको व्यवस्था गरिएको छ। साथै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हकको व्यवस्था संविधानले गरेको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक छ। सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक पनि रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ महिलाको मानव अधिकार संरक्षण गर्ने प्रमुख महासन्धि हो। महिला र पुरुषबिच समानता कायम गर्नु यस महासन्धिको प्रमुख उद्देश्य हो। संयुक्त राष्ट्रसंघको महासभाद्वारा १८ डिसेम्बर १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागु भएको यस महासन्धिलाई नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरेको हो। नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मूलसम्बन्धी महासन्धिको पक्षधरका रूपमा हस्ताक्षर गरेर आफ्नो प्रतिबद्धता अन्तर ष्ट्रिय जगत्मा समेत प्रवाहित गरिसकेकाले महिलाविरुद्धका सबै प्रकारका भेदभाव निर्मूल गरी महिलालाई पुरुषसरह अधिकार प्रत्याभूति दिनुपर्ने आवश्यकता अनुसार विशेष कानुन बनाई विशेष संरक्षण प्रदान गर्नु राज्यको कर्तव्य हो। पन्ध्रौँ योजनामा पनि महिला विकासको प्राथमिकता तोकी महिला सशक्तीकरण र समान प्रतिनिधित्वमा जोड दिइएको छ।

घरेलु हिंसा (कसुर सजाय) ऐन, २०६६ ले पनि केही हदसम्म महिला अधिकार र महिला सशक्तीकरणमा मद्दत गरेको छ। श्रमको हक, पैतृक सम्पत्तिमा छोरीको समान अधिकार, आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था, वैवाहिक जबरजस्ती करणीलाई कसुरका रूपमा ठहर, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक जस्ता संवैधानिक व्यवस्थाले महिला अधिकार सुनिश्चित गरी समानता कायम गर्ने बाटो खोलिदिएको छ। त्यस्तै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले पनि महिला अधिकारको सुनिश्चितता र लैङ्गिक समानता कायम गरेका छन्। पञ्चवर्षीय योजनामा पनि महिलाको वास्तविक स्थितिलाई पहिचान गरी उनीहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्ने, लैङ्गिक भेदभाव हटाई समानता प्रदान गर्ने, राजनीतिक क्षेत्र, शैक्षिक कार्य र अन्य विकासका कार्यमा महिलाको सशक्तीकरण गरी सम्पूर्ण क्षेत्रमा सहभागी गर्ने लक्ष्य लिइएको छ।

यिनै कानुन तथा नीतिको जगमा रहेर महिला हकहितका लागि काम गर्दा नेपालले राजनीतिक क्षेत्रमा भने अपेक्षित प्रगति हासिल गरेको छ। संघीय संसद्मा हाल ३३.५ प्रतिशत, प्रदेश सभामा ३४.४ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ। साथै स्थानीय सरकारमा महिलाको प्रतिनिधित्व ४० प्रतिशतभन्दा बढी छ तर नेपालका कतिपय क्षेत्रका महिला पुरुषभन्दा धेरै पछाडि छन् भन्ने कुरा उनीहरूको शैक्षिक स्तर, सरकारी वा अन्य जुनसुकै क्षेत्रमा भएको सहभागिता, स्कुलमा छात्राको सङ्ख्या आदि कुराबाट प्रस्ट हुन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा पुरुष ८३.६ प्रतिशत र महिला ६९.४ प्रतिशत गरी जम्मा साक्षरतादर ७६.२ प्रतिशत पुगेको छ। नेपाल मानव विकास सूचकाङ्कमा १४२ औँ स्थानमा छ। युएनडिपीले सार्वजनिक गरेको मानव विकास प्रतिवेदन- २०२२ अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ देखिएको छ, जुन तीन वर्षयताकै न्यून हो। हाल नेपालको लैङ्गिक विकास सूचकाङ्क ०.८७९ छ, जसमध्ये महिलाको मानव विकास सूचकाङ्क ०.५४९ रहेको छ भने पुरुषको ०.६१२ रहेको छ। विश्व आर्थिक मञ्चद्वारा तयार पारिएको ग्लोबल लैङ्गिक समानता अन्तराल प्रतिवेदन- २०२० मा पनि नेपाल ०.६८३ अङ्कसहित १०६ औँ स्थानमा छ।

महिलाको शैक्षिक स्थिति पनि सन्तोषजनक छैन। केन्द्रीय तथ्याङ्क विभागको सन् २०२१ को तथ्याङ्क अनुसार नेपालमा महिला साक्षरता ५७.४ प्रतिशत छ। त्यस्तै राष्ट्रिय मानव विकास प्रतिवेदन-२०२० अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत छ। तेस्रो श्रमशक्ति सर्वेक्षण २०७४/७५ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत छ, जसमा पुरुष र महिलाको दर क्रमश १०.३ र ११.१ प्रतिशत छ। हाल प्रतिव्यक्ति राष्ट्रिय आय दुई हजार ७४८ अमेरिकी डलर छ। यसमा महिलाको दुई हजार ११३ र पुरुषको तीन हजार ५१० अमेरिकी डलर छ। लैङ्गिक समानता कायम गर्न नेपालमा भएका नीतिगत, कानुनी, संस्थागत तथा संरचनागत व्यवस्था भए पनि पुरुष र महिलाको साक्षरता दरमा १४ प्रतिशतको अन्तर हुनु, श्रम बजारमा पुरुषको सहभागिता महिलाको भन्दा झन्डै दोब्बर हुनु, सम्पत्तिमा स्वामित्व कायम भएका महिलाको सङ्ख्या लगभग एक चौथाइ हुनु, अझै पनि करिब एक चौथाइ महिला शारीरिक, मानसिक र यौन हिंसाबाट पीडित हुनु तथा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १७० हुनुले महिलाको औसत आयुमा प्रत्यक्ष असर पुगेको देखिन्छ।

यस्तो तथ्याङ्कले कानुनी रूपमा महिला अधिकार सम्पन्न देखिए पनि लैङ्गिक समानतामा चुनौती रहेको र सामाजिक क्षेत्रमा अझै पनि धेरै पछाडि रहेको छ। महिला घरेलु हिंसा, बलात्कार जस्ता घटनाले सधैँ प्रताडित छन्। कुल जनसंख्याको आधाभन्दा बढी अर्थात् ५१.०४ प्रतिशत ओगटेका महिला कुनै न कुनै रूपमा हिंसाको सिकार भएकै छन्। नेपाल प्रहरीको लैङ्गिक हिंसासम्बन्धी तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा लैङ्गिक हिंसाका २० हजार ९१३ वटा उजुरी दर्ता भएका छन्, जसमा सबैभन्दा बढी घरेलु हिंसाका मात्र १६ हजार ५१९ उजुरी दर्ता भएका छन्।

शैक्षिक स्तरमा आएको गुणात्मक परिवर्तन र मानव अधिकारको क्षेत्रमा भएका उपलब्धिले असमानता र रूढिवादी परम्परालाई बिस्तारै हटाउँदै लगेको छ। यस्ता विकृति र विसङ्गति हटाउने प्रमुख माध्यम जनचेतना, शैक्षिक स्तरमा विस्तार र सुधार नै हो। सामूहिक र सङ्गठित रूपमा अन्यायपूर्ण व्यवहारको विरोध गर्नु पर्छ र न्यायिक उपचार खोज्नु पर्छ। त्यस्ता असमानपूर्ण व्यवहार कानुनबमोजिम दण्डनीय छ। राज्यले सामाजिक विभेद अन्त्यका लागि महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नु पर्छ। यसतर्फ सरकारी तथा गैरसरकारी संस्थाहरू अझै जिम्मेबार र क्रियाशील रहनु आवश्यक छ। विभिन्न नीतिगत एवं कार्यक्रमिक प्रयासहरू भए पनि लामो समयदेखि समाजमा विद्यमान पुरातन पितृसत्तात्मक सोच, गरिबी, अशिक्षा, अन्धविश्वास र कतिपय कुप्रथाका कारण संविधान र कानुनद्वारा प्रदत्त अधिकार हरूको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन। अबका दिनमा महिलाको शैक्षिक एवं आर्थिक सशक्तीकरणका साथै समग्र समाजको सांस्कृतिक रूपान्तरणका लागि निरन्तर प्रयास जारी राख्दै राज्यले महिलामा लगानी वृद्धि गर्नु पर्छ।

बालविकास शिक्षाको प्रभावकारिता

• धनसूदन चौलागाईं

नेपालको विद्यमान नीतिगत तथा कानुनी व्यवस्था अनुसार चार वर्ष पूरा भएका बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था छ। यससम्बन्धी नीतिगत व्यवस्था र विद्यमान अभ्यासका बिच निकै अन्तर रहेको देख्न सकिन्छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्ष पूरा भएका बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित एक वर्षको प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था गरेको छ। यस शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउनु र कक्षा एकमा प्रवेशका लागि तयारी गर्नु रहेको छ। प्रारूपले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम रूपरेखासमेत निर्दिष्ट गरेको छ। प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ ले यस तहका सक्षमता, सिप सिकाइका क्षेत्र, सिकाइ सहजीकरण प्रक्रिया, वार्षिक कार्यघण्टा र दैनिक कार्यतालिका निर्दिष्ट गरेको छ। त्यस्तै चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ।

शिक्षा ऐन, २०२८ मा भएको आठौँ संशोधन, २०७३ ले सर्वप्रथम प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षामा समावेश गर्‍यो र यसको अनुमति एवं सञ्चालन सम्बन्धमा सामान्य मार्गदर्शन प्रदान गरेको छ। त्यस्तै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले एक वर्षको बालविकास शिक्षासहित अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रारम्भिक बालविकास तथा शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा रहेको छ। शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले प्रारम्भिक बालविकास शिक्षा व्यवस्थापनको कानुनी आधार प्रदान गरेका छन्। चार वर्षभन्दा मुनिका बालबालिकाको विकास तथा स्याहारका लागि शिशु विकास केन्द्र स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा रहेको छ।

बालशिक्षा र शिशु विकास/स्याहार केन्द्रसम्बन्धी उपर्युक्त नीतिगत व्यवस्था र विद्यमान अभ्यासबिच निकै ठुलो अन्तर देखिन्छ। सार्वजनिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ को कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको छैन। कतिपय बालविकास शिक्षकमा पाठ्यक्रमबारे अझै जानकारी नभएको र सिकाइ क्रियाकलाप सञ्चालनमा अन्योल रहेको देखिन्छ। निजी लगानीमा सञ्चालित विद्यालयमा पाठ्यक्रम अनुसारका क्रियाकलाप गराउनेभन्दा बालबालिकालाई किताबी ज्ञानमा आधारित पढाइ, लेखाइ, घोकाइ र सोही प्रकृतिका गृहकार्यमा अत्यधिक केन्द्रित गर्ने गरेको पाइन्छ। कतिपय सार्वजनिक विद्यालयले स्वीकृत पाठ्यक्रमको कार्यान्वयन गर्नुको सट्टा निजी लगानीका विद्यालयको सिको गर्ने गरेको समेत पाइन्छ।

चार वर्षभन्दा मुनिका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि शिशु विकास र स्याहार केन्द्र सञ्चालन गर्न सकिने व्यवस्था रहेकोमा सो केन्द्रमा कति वर्षदेखिका बालबालिका भर्ना गर्न सकिने भन्नेमा नीतिगत अन्योल र अस्पष्टता रहेको देखिन्छ। हालै पाठ्यक्रम विकास केन्द्रबाट शिशु विकास केन्द्रका सहजकर्ता, अभिभावक र स्याहारकर्ताका लागि तीनदेखि चार वर्षका बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलाप सञ्चालनसम्बन्धी सहयोगी पुस्तिका तयार त भएको छ तर यससम्बन्धी राष्ट्रिय तहको मापदण्ड र शिक्षा ऐन, नियमले निर्दिष्ट गरेबमोजिमको शिशु विकास केन्द्रको पाठ्यक्रम बन्न सकेको छैन। सघीय संसद्मा विचाराधीन सङ्घीय शिक्षा ऐनमा यससम्बन्धी प्रावधान नै राखिएको छैन। यसै अन्योलबिच निजी लगानीबाट सञ्चालित मन्टेश्वरी, प्ले ग्रुप, नर्सरी, एलकेजी आदि नामबाट दुई वर्षदेखिका बालबालिका भर्ना लिने र सुरुवातदेखि नै पाठ्यपुस्तकमा आधारित पढाइ लेखाइका क्रियाकलापमा संलग्न गराउने गरेको पाइन्छ। जब कि यस उमेरका बालबालिकालाई मनोरञ्जनात्मक विधिबाट विशुद्ध सर्वाङ्गीण विकासका क्रियाकलापमा मात्र संलग्न गराउनुपर्ने हुन्छ।

प्रत्येक बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन र व्यक्तित्व विकासको सम्भावनालाई उजागर गर्न, प्रारम्भिक उमेरदेखि नै सर्वाङ्गीण विकास सुनिश्चित गर्न शिशुविकास/स्याहार केन्द्र र बालविकास शिक्षालाई पहुँचयोग्य, व्यवस्थित, गुणस्तरीय, क्रियाकलापमुखी र बालमैत्री बनाउनु पर्छ। यसका लागि पहिलो, परिवर्तित सन्दर्भमा शिशु विकास/स्याहार केन्द्रको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था संसद्मा विचाराधीन संघीय शिक्षा ऐनमा समावेश गर्ने र सो अनुरूप प्रदेश र स्थानीय तहलाई मार्गदर्शक हुने गरी यससम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा हुन जरुरी छ। उक्त मापदण्डले शिशु विकास केन्द्रको भवन र यसको आन्तरिक सजावट, चिसो र धुलोरहित बसाइ तथा आराम गर्ने व्यवस्था, सफा पिउने पानी, सरसफाइ सामग्रीसहितको बालमैत्री शौचालय, भित्री र बाहिरी खेल सामग्री, खेल मैदान, विकास तथा सिकाइ क्रियाकलाप सञ्चालन प्रक्रिया, सहजकर्ता र सहयोगीको योग्यता, तालिम र न्यूनतम पारिश्रमिक तथा सुविधा, अनुगमन जस्ता विषय समेट्नु पर्छ। सरकारी अनुदान, सामुदायिक वा निजी जुनसुकै लगानीबाट सञ्चालन भएका भए पनि मापदण्डको अनिवार्य पालना र सोको अनुगमनको व्यवस्था गरी सञ्चालन प्रक्रियामा एकरूपता कायम गर्नु पर्छ।

दोस्रो, शिशु विकास/स्याहारसम्बन्धी सैद्धान्तिक ज्ञान र पर्याप्त प्रयोगात्मक अभ्याससहितको उच्च शिक्षा प्राप्त दक्ष जनशक्ति उत्पादन गर्न यससम्बन्धी उच्च शिक्षा प्रदान गरिरहेका विश्वविद्यालयले पाठ्यक्रममा सामयिक परिमार्जन र सुधार गर्नु पर्छ। तेस्रो, सहजकर्तालाई यस सम्बन्धमा विकसित नयाँ नयाँ अवधारणा र सिपसँग परिचित र निरन्तर अद्यावधिक गराई राख्न कम्तीमा एक महिनाको आधारभूत तालिम र त्यसपछि आवश्यकता अनुसार पुनर्ताजगी तालिम, अनुभव आदानप्रदान, कार्यशाला, अवलोकन भ्रमण जस्ता अवसर प्रदान गर्नु पर्छ। चौथो, शिशु विकास कार्यक्रमका लागि आवश्यक स्रोत व्यवस्था गर्न तहगत सरकार, सरकारी, सामुदायिक एवं गैरसरकारी, सहकारी र निजी क्षेत्रबिच लागत साझेदारी हुनु पर्छ। पाँचौँ, सबै विद्यालयमा बालविकास शिक्षाको विस्तार गरी चार वर्ष पूरा भएका सबै बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु पर्छ।

छैठौँ, सबै बालविकास कक्षामा आवश्यक न्यूनतम पूर्वाधार, खेल तथा सिकाइ सामग्री र सिकाइ क्षेत्रको व्यवस्था, स्वीकृत पाठ्यक्रम अनुसार विकास तथा सिकाइ क्रियाकलापको सञ्चालन, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड अनुसार सिकाइको निरन्तर मापन र सुधारात्मक उपायहरूको अवलम्बन, अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम र सिकाइ प्रक्रियामा अनुकूलन, बालविकास शिक्षकको न्यूनतम पारिश्रमिकको सुनिश्चितता, सेवाको स्थायित्व, सामाजिक सुरक्षा र निरन्तर क्षमता विकासको व्यवस्था गर्नु पर्छ। सातौँ, बालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता कक्षा १२ उत्तीर्ण कायम गर्नु पर्छ। आठौँ, प्रारम्भिक बालविकाससँग सम्बन्धित कार्यक्षेत्र भएका मन्त्रालय र निकायबिच योजना, नीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयन तथा स्रोतको पहिचान र परिचालनमा प्रभावकारी समन्वय र सञ्चार हुनुपर्छ। नवौँ, यस सम्बन्धमा अभिभावकको सचेतना र सहभागिता अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ।

अन्त्यमा, बालबालिकाको अन्तर्निहित प्रतिभा र सम्भावनाको प्रस्फुटन र उनीहरूको सर्वाङ्गीण विकास, बाल अधिकार र शिक्षासम्बन्धी मौलिक हकको सारभूत कार्यान्वयन, विद्यालय शिक्षाका लागि तयारी र समग्र शिक्षाको गुणस्तर अभिवृद्धिमा सहयोग पुर्‍याउन शिशुविकास कार्यक्रम र बालविकास शिक्षालाई व्यवस्थित, राष्ट्रिय मापदण्डमा आधारित र क्रियाकलापमुखी बनाई यसको गुणस्तर अभिवृद्धि गर्नु अपरिहार्य छ। यसबाट विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षासम्बन्धी आवधिक तथा क्षेत्रगत योजना र दिगो विकास लक्ष्य प्राप्तिमासमेत योगदान पुग्ने देखिन्छ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

हिमोफिलिया के हो, कसरी हुन्छ पुस्तान्तरण ?

हिमोफिलिया रगत जम्ने प्रक्रियामा त्रुटि भएको वंशाणुगत विकृति हो । हाम्रो शरीरले घाउचोट लागेमा समयमा रगत जमेर घाउ ठीक हुन मद्दत गर्ने तत्व हुन्छ । हाम्रो दैनिक क्रियाकलाप गर्दा सामान्य चोटपटक लागेमा आन्तरिक रक्तस्राव हुन नदिई नीलडाम हुनबाट बचाउँछ । सामान्य रूपमा रगत जम्ने प्रक्रिया रगतमा रहेका विभिन्न तत्त्वहरूको आपसी अन्तरक्रियाबाट सम्पन्न हुन्छ । यसमध्ये केहीलाई क्लोटिङ फ्याक्टर भनिन्छ।

कुनै एउटा मात्र क्लोटिङ फ्याक्टर पर्याप्त मात्रामा छैन भने रक्तस्राव धेरै बेरसम्म हुन सक्छ। हिमोफिलियायुक्त व्यक्तिमा सामान्यभन्दा कम मात्रामा क्लोटिङ फ्याक्टर हुन्छ। फ्याक्टर भीआइआइआइको कमीको कारण हिमोफिलिया 'ए' हुन्छ । यो बढी व्यक्तिहरूमा देखा पर्दछ । फ्याक्टर आइएक्सको कमीको कारण हुने हिमोफिलियालाई हिमोफिलिया 'बी' भनिन्छ । एउटा हिमोफिलियायुक्त व्यक्तिको रक्तस्राव सामान्य व्यक्तिको भन्दा बढी हुने होइन तर रक्तस्राव बढी समयसम्म जारी रहन्छ।

हिमोफिलिया कसलाई हुन्छ ?

हिमोफिलिया प्रायः पुरुषहरूमा देखा पर्दछ र सबै जनसाङ्ख्यिक समूहमा हुन सक्छ । यो विकृति रक्तस्रावसम्बन्धी कुनै समस्या नभएका सामान्य महिलाबाट पुरुषमा देखा पर्दछ । करिब एक तिहाई हिमोफिलियायुक्त व्यक्तिहरूमा पहिलेको पुस्तामा रोग नभएको पनि हुन सक्छ । यो पुरुष जन्ममा १ : ५००० को अनुपातमा पाइएको छ, अर्थात् ५००० पुरुष बच्चामा एकजना हिमोफिलियायुक्त व्यक्ति हुन्छ । सामान्यतः जति सानो उमेरमा हिमोफिलियाका लक्षणहरू (नीलडाम र रक्तस्राव) देखा पर्छ त्यति नै हिमोफिलियाको समस्या गम्भीर हुन्छ । मुस्लिम समुदायमा पाइने परम्परागत चलन सर्कम सिजन गर्दा पनि रक्तस्राव बढी हुन सक्छ । अन्यथा बालकहरू बामे सर्ने तथा टुकुटुकु हिँड्ने नहुँदासम्म प्रायः समस्या पर्दैन।

भर्खर हिँड्न सिकेका बच्चाहरूमा उफ्रँदा लड्दा छालामा नीलडाम देखिने, जिब्रो, ओठ काटिएर बढी रगत आउने हुन सक्छ । दुई-तीन वर्षका बच्चाहरूमा जोर्नी तथा मांसपेसीहरूमा आन्तरिक रक्तस्रावका कारण सुनिने दुख्ने हुन सक्छ । जसले गर्दा जोर्नी चलाउन नसक्ने पनि हुन सक्छ । बालकहरूको मांसपेसीमा दिइने सुई लगाएको ठाउँमा ठूलो नीलडाम आएर खतरा पनि हुन सक्छ। खोपहरू अति आवश्यक भएकाले हिमोफिलियायुक्त बच्चाहरूलाई दिँदा छालाको मुनि मात्र (सबक्युटानियस) दिनुपर्छ।

हिमोफिलिया पुस्तान्तरण हुने प्रक्रिया

हाम्रो शरीर लाखौँ कोषहरू मिलेर बनेको हुन्छ । प्रत्येक कोषको केन्द्रमा न्युक्लियस हुन्छ यो महत्त्वपूर्ण भाग हो । न्युक्लियसमा धागोजस्ता केन्द्रिका रेसाहरू जोडी जोडी भएर बसेका हुन्छन् । यिनैले प्रत्येक बाबुआमाका गुणहरू तिनका सन्ततिमा लग्ने काम गर्दछन् । केन्द्रिका रेसाले छुट्याउने सबभन्दा महत्वपूर्ण गुण भनेको छोरा वा छोरीको जन्म हो । यसरी छोरा वा छोरी भन्ने निर्णय गर्ने केन्द्रिका रेसाको जोडीलाई लैङ्गिक केन्द्रिका रेसा (सेक्स क्रोमोजोम) भनिन्छ । ती हुन् ः एक्स र वाई । एउटा महिलामा दुईवटा एक्स केन्द्रिका रेसा हुन्छ भने पुरुषमा एउटा एक्स र अर्को वाई हुन्छ। प्रत्येक अभिभावक (आमा / बाबु) बाट एउटा केन्द्रिका रेसा सन्ततिमा सर्दछ जसले हरेक गर्भाधानमा चारवटा सम्भावना (दुई छोरा, दुई छोरी) हुन्छन्।

प्रत्येक केन्द्रिका रेसा धेरै वंशाणुहरू मिलेर बनेको हुन्छ जसले शारीरिक बनावट निर्धारण, लिङ्ग निर्धारण गर्ने प्रमुख कामका साथै एक्स केन्द्रिका रेसाले क्लोटिङ फ्याक्टर भीआइआइआइ र आइएक्स उत्पादन गर्ने वंशाणु पनि बोकेको हुन्छ । हिमोफिलिकहरूमा यी वंशाणुले थोरै मात्रामा फ्याक्टर भीआइआइआइ र आइएक्स उत्पादन गर्दछन् । यस कारण एउटा परिवारमा जन्मिएका हिमोफिलिकमा फ्याक्टरको मात्रा प्रायः उस्तै हुन्छ । महिलामा हिमोफिलिया नदेखिनुको कारण

❖ बाँकी अन्तिम पृष्ठमा

शिक्षक संघको शुभकामना कार्यक्रममा स्वागत र विदाई

बिर्तामोड(प्रस)। नेपाल शिक्षक संघ बिर्तामोडको आयोजनामा नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल शिक्षक संघ बिर्तामोडका अध्यक्ष जयकुमार प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा शुभकामना आदानप्रदानसँगै प्राथमिक तहमा स्थायी नियुक्ति भई बिर्तामोडमा पदस्थापना हुने शिक्षकलाई स्वागत र शिक्षा शाखा बिर्तामोडमा आठौं तहमा कार्यरत दिनेशप्रसाद आचार्यलाई बिदाइ गरिएको थियो । सोही अवसरमा शिक्षक संघका विविध गतिविधि समेटिएको जानकारीमुलक भित्तेपात्रो विमोचनसमेत गरिएको थियो ।

नेपाल शिक्षक संघ कोशी प्रदेशका अध्यक्ष तेजप्रसाद चौलागाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल शिक्षक महासंघ झापाका अध्यक्ष नेत्रप्रसाद खरेल,नेपाल शिक्षक संघ झापाका अध्यक्ष तोयानाथ दाहाल,नेपाल शिक्षक संघ कोशी प्रदेश सदस्य भरत भट्टराई ,नेपाली कांग्रेस बिर्तामोडका उपसभापति तथा वडा नं ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वा,शिक्षा शाखा बिर्तामोडका प्रमुख तिलचन भण्डारी ,महेन्द्र रत्न माध्यमिक विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेल,महेन्द्र ज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक जयकुमार झा,नेपाल शिक्षक संघ झापाका उपाध्यक्ष धनकुमारी खरेल,जिल्ला सहसचिव रिता निरौला,नेपाल शिक्षक महासंघ बिर्तामोड अध्यक्ष युवराज कट्टेललगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि संघका कोशी प्रदेश अध्यक्ष चौलागाईं,बिर्तामोडका शिक्षा शाखा प्रमुख भण्डारी, बिर्तामोड ६ का वडाध्यक्ष कन्दङ्वा ,शिक्षक महासंघ झापाका अध्यक्ष खरेल , बिर्तामोड अध्यक्ष कट्टेल, नेपाल शिक्षक संघ झापाका अध्यक्ष दाहाल, महेन्द्र रत्न माविका प्रधानाध्यापक खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।सोही अवसरमा शिक्षकमैत्री साकोसका ४१ जनालाई शेयर प्रमाणपत्र वितरण गरिएको थियो।

मनकामना कलेजका चौथो वर्षका विद्यार्थीलाई विदाई

बिर्तामोड(प्रस)। बिर्तामोडस्थित मनकामना कलेजले चौथो वर्षका विद्यार्थीलाई एक कार्यक्रमका बीच विदाई गरेको छ ।

क्याम्पस प्रमुख प्रेमप्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा व्यवस्थापन ,मानविकी तथा शिक्षा संकायका चौथो वर्षको अध्ययन सकेर परीक्षाको तयारीमा रहेका विद्यार्थीलाई विदाई गरिएको हो । कार्यक्रममा सहायक क्याम्पस प्रमुख राजेन्द्र प्रसाईं , प्राध्यापक उदय कटुवालले शुभकामना मन्तव्य राखेका थिए भने विद्यार्थीका तर्फबाट प्रियंका उप्रेती ,दिपक ढुङ्गाना ,आयुशा दाहाल र वीरु दर्नालले आफ्नो चार वर्षे अनुभव प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विदाई हुने विद्यार्थीलाई अबिर लगाएर मायाको चिनो प्रदान गरिएको थियो ।

विदाई हुने र गर्ने विद्यार्थीले विभिन्न प्रस्तुति समेत राखेको कार्यक्रममा स्वागत क्याम्पसका शैक्षिक संयोजक कुमार थपलियाले गरेका थिए भने कार्यक्रम संचालन प्राध्यापक विजय तिम्सिनाले गरेका थिए ।

ताप्लेजुङमा आगलागीबाट लाखौँको क्षति

झापा,बैशाख १० । आगलागीबाट ताप्लेजुङमा लाखौँ रुपैयाँको क्षति भएको छ । मिक्वाखोला गाउँपालिका-५ चिलिमे गाउँमा लामा नुर्प शेर्पाको घरमा आगलागी हुँदा रु १३ लाखभन्दा बढीको क्षति भएको छ । भान्सा कोठामा आगो बाल्ने क्रममा आगलागी हुँदा सो क्षति भएको हो । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमलकुमार लुङ्गेलीका अनुसार आइतबार साँझ भान्सा कोठामा आगो बाल्ने क्रममा लागेको आगोले दुई तले घर पूर्णरुपमा नष्ट भएको छ । आगलागीबाट अन्नपात, लत्ताकपडा, भाँडावर्तन, काठपात र नगद रु २० हजार नष्ट भएको छ । ताप्केगोला प्रहरी चौकीबाट गएको प्रहरी टोली तथा स्थानीयले गए राति नै आगो निभाएका थिए ।

बारुदको छर्रा लागेर एक जनाको मृत्यु

झापा(प्रस) । पाँचथरको हिलिहाङ गाउँपालिका- ४ सिबुवा स्थित बाँदर धपाउन राखिएको बन्दुक पड्किदा एक जनाको मृत्यु भएको छ ।

आइतबार राति साढे १० बजे घरदेखि अन्दाजी १ किलोमिटर उत्तरमा मकै रोपेको खेतमा बाँदरलाई धपाउनको लागि भरुवा बन्दुक पड्काउने क्रममा स्थानीय ५१ वर्षीय मनकुमार सिगुको मृत्यु भएको हो । बन्दुकको फाइरिङ पिनको नाल फुटी पड्किदा बारुदको छर्राले शरीरको विभिन्न भागमा लागेर उनी घाइते भएको र उनको उपचारको क्रममा जिल्ला अस्पताल पाँचथरमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

अर्थतन्त्र सुस्ताउँदा आयात निर्यात दुवै घट्यो

झापा(प्रस) । चालु आर्थिक वर्षको नौ महिना (साउन-चैतसम्म) मा नेपालको आयातनिर्यात दुवै खस्केएको छ । मुलुकमा आर्थिक क्रियाकलाप सुस्ताउँदा त्यसको असर आयात निर्यात दुवैमा परेको देखिएको छ ।

भन्सार विभागको तथ्याङ्क अनुसार समीक्षा अवधिमा आयात २.८४ प्रतिशतले घटेको छ भने निर्यात ३.६६ प्रतिशतले घटेको छ । विभागका अनुसार चैतसम्म नेपालले ११ खर्ब ६७ अर्ब ३६ करोड रुपैयाँको वस्तु आयात गरेको छ । जुन अघिल्लो वर्षको सोही अवधिमा गरेको १२ खर्ब एक अर्ब ५० करोडको तुलनामा २.८४ प्रतिशतले कमी हो ।

चालु आवको नौ महिनामा नेपालले एक खर्ब १३ अर्ब ९४ करोड ६० लाख रुपैयाँको वस्तु निर्यात गरेको छ । यो गत आवको सोही महिनासम्मको तुलनामा भने ३.६६ प्रतिशतले कम हो । गत चैतसम्म नेपालले एक खर्ब १८ अर्ब २७ करोड ९९ लाख रुपैयाँको वस्तु निर्यात गरेको थियो । समीक्षा अवधिमा कुल अन्तर्राष्ट्रिय व्यापार पनि अघिल्लो वर्ष १३ खर्ब १९ अर्ब ७८ करोडको तुलनामा २.९२ प्रतिशतको गिरावटसहित १२ खर्ब ८१ अर्ब ३१ करोडमा आइपुगेको हो ।

समीक्षा अवधिमा आयातमा कमी आउँदा मुलुकको व्यापार घाटामा २.७५ प्रतिशतले कमी आएको छ । चालु आवको नौ महिनामा व्यापार घाटा घटेर १० खर्ब ५३ अर्ब ४२ करोडमा झरेको छ । अघिल्लो आवको सोही अवधिमा व्यापार घाटा १० खर्ब ८३ अर्ब २२ करोड रहेको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष
प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष
आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन
धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट
आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह
सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या
रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला
आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक
हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु
आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर
आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ
आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन
आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।